नेपाल सरकार
उर्जा, जलश्रोत तथा सिंचाई मंत्रालय

# विद्युत विकास विभाग

सानोगौचरण, काठमाडौं, नेपाल।

## विद्युत उत्पादन, प्रसारण र वितरणको क्षेत्रमा कोभिड-१९ को कारणले पारेको प्रभावहरू न्यूनीकरण एवं पुनरुत्थान सम्वन्धी भएको निर्णयको सूचना

सूचना प्रकाशन मितिः २०७७/११/०६

विद्युत उत्पादन, प्रसारण र वितरणको क्षेत्रमा कोभिड-१९ को कारणले पारेको प्रभावहरू न्यूनीकरण एवं पुनरुत्थानको लागि उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयको मिति २०७७/११/०२ मा भएको निम्नानुसारको मा. मन्त्रीस्तरीय निर्णयहरू सम्वन्धित सबैको लागि जानकारी गराइन्छ।

१. कोभिड-१९ को प्रभावको कारण निर्माणाधिन जलविद्युत आयोजनालाई प्रभाव परेको व्यहोरा उल्लेख गरी सम्वन्धित अनुमतिपत्र प्राप्त संस्थाबाट विद्युत उत्पादनको अनुमतिपत्रको अवधिको लागि अनुरोध गरेमा विद्युत ऐन, २०४९ को दफा ५(२) मा उल्लेखित अवधि ५० वर्षमा ननाघ्ने गरी बढीमा एक वर्ष सम्म विद्युत उत्पादन अनुमतिपत्रको अवधि थप गर्ने गरी अनुमतिपत्र संसोधन गरिदिने।

२. कोभिड-१९ र त्यसको न्यूनीकरणको लागि देशव्यापीरूपमा भएको लकडाउन (बन्दाबन्दी) को कारण उत्पन्न विषम परिस्थितिको कारण विद्युत उत्पादनको सर्वेक्षण, विद्युत उत्पादन, विद्युत खरिद बिक्री सम्झौता र वित्तीय व्यवस्थापन गर्न समस्या भएको व्यहोरा उल्लेख गरी सम्वन्धित अनुमतिपत्र प्राप्त संस्था (प्रवर्द्धक) बाट मिति २०७७/११/२९ भित्र कारण समेत खोलि निवेदन दिएमा देहाय बमोजिम हुने गरी म्याद थप गरिदिने।

   क. विद्युत सर्वेक्षण, उत्पादन, प्रशारणको अनुमतिपत्र नविकरणको लागि समयमा दरखास्त दिन नसकेमा मिति २०७७/११/२९ भित्र उल्लेखित अनुमतिपत्र नविकरणको लागि विद्युत विकास विभाग समक्ष दरखास्त पेश गर्न सकिनेछ।

   ख. उद्योग दर्ता तथा वित्तीय व्यस्थापनको लागि विद्युत आयोजनाको अनुमतिपत्र सम्वन्धी निर्देशिका, २०७५ मा भएको व्यवस्थाको अतिरिक्त एक वर्ष म्याद थप गरिदिन र त्यसको लागि कुनै दस्तुर र शुल्क नलिने।